# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल ।

☎ ०२३ { ५४०२४४
फ्याक्स: ०२३ { ५४५८००


च.नं.: ४५०३

मिति : २०७७/०२/०८

## बिर्तामोड नगरवासी आदरणीय आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक अपिल

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणका कारण हामी अहिले यस महामारीको रोकथाम तथा नियन्त्रणा र नागरिकहरुको जीवन रक्षाको लागि अहोरात्र खटिरहेका छौं । देशमा लकडाउन गरी सामाजिक दुरी कायम गरिएको २ महिना पुग्न लागेको छ । झापा जिल्लामा मात्र २९ जनामा कोरोनाको संक्रमण देखापरेको छ । यसर्थ हामीले यो महामारीलाई फैलन नदिनका लागि नेपाल सरकारले जारी गरेको लकडाउनलाई पूर्ण पालना नगर्दा यस बिर्तामोड नगरपालिकामा यसको प्रकोप बढी फैलन सक्ने संभावना देखिएकोले यसलाई मध्यनजर राख्दै अर्को निर्णय नभएसम्मका लागि मिति २०७७ जेठ ७ गते यस नगरपालिकामा बसेको स्थानिय राजनीतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख समेतको सर्वपक्षिय बैठकको निर्णयले मिति २०७७ जेठ ८ गते राति १२:०० बजेदेखि देहायका सेवाहरु बाहेक अन्य सम्पूर्ण सेवाहरु लकडाउन गरिएको छ । उक्त समय अवधिभर सम्पूर्ण नगरवासीहरु, संघ-संस्थाका प्रतिनिधिहरुले आ-आफ्नो घरभित्र रहि लकडाउनलाई पूर्ण पालना गर्नुहुन र पास विनाका कुनै पनि प्रकारका सवारीसाधनहरु संचालन गर्नुहुने छैन भन्ने पूर्ण विश्वास गरिएको छ । आदरणीय नगरवासीहरुको गार्हो अप्ठ्यारोमा हामी तपाईहरुकको साथमा रहने प्रणका साथ यसबाट पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

१) नगरको सिमानाहरुमा रहेका छिमेकी पालिकाहरुबाट हुने प्रवेश र आवत जावतलाई पूर्णत बन्द गर्न सुरक्षा निकायले सम्बन्धित वडा र टोल विकास संस्थासँग समन्वयात्मक ढंगले आवश्यक कार्य अगाडी बढाउने ।

२) स्वास्थ्य सेवाका अस्पताल, औषधी पसल, एम्बुलेन्स सेवा र सव-वाहन २४ घण्टै खुल्ला रहने ।

३) दुग्ध उत्पादन र बिक्रिवितरण, कृषि विउ, विजन, मल, औषधीको सेवा, पशु सेवा उपचार संचालन गर्ने ।

४) तरकारीको विक्रि वितरण घुम्ती सेवाबाट मात्र विहान ८ बजेदेखि १२ बजेसम्म संचालन गर्ने ।

५) बिर्तामोड नगर क्षेत्र भित्र संचालन हुने विकाश निर्माण तथा आयोजनाहरु सुचारु गर्ने र सो को लागि आवश्यक पर्ने सामाग्रीहरु नगरपालिकाले पास दिएका सवारी साधनहरुबाट मात्र ओसार पसार गर्ने ।

ध्रुव कुमार सिवाकोटी
नगरप्रमुख

ध्रुब कुमार शिवाकोटी
नगर प्रमुख



Scanned with CamScanner